# शिलबन्दी दरभाउ पत्र प्रक्रियावाट वन पैदावर बिक्रीको सुचना

**पहिलो पटक सुचना प्रकाशित मिति २०८३/०५/२८**

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.न ३५३८ मिति: २०८२/१२/२२ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ दाउरालाई डिभिजन वन कार्यलय बाँकेको च.न ५२६ मिति: २०८३/०५/१० गतेको बाह्य लिलाम सहमति अनुसार समूहको घाटगद्दीमा रहेका सिसौं, खयर, जामुन लगायत जातका कुल जम्मा गोलिया थान २४०८ को ३२९२.५७ क्यू.फिट काठ तथा अन्य जातको ०.७५ चट्टा दाउरा हाल जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो। ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको दिउसो १२:३० बजे भित्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिकमा टाँस गरिएको छ।

अध्यक्ष

**श्री राप्ती सामुदायिक वन उपभोक्ता समूह**

राप्तीसोनारी-०२, बाँके